आज मिति २०७९।०९।२५ गते सोमबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरूको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल अनुसारको प्रस्तावहरूमा छलफल भई तपसिल अनुसारका निर्णयहरू गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्बहादुर बुलन तामाङ् | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्दन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | इन्द्र कला |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |
| २३ | श्री संजिव प्रसाद घिमिरे | सहयोगी कर्मचारी | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरू
### मिति २०७९।०९।२५

**बैठकका प्रस्तावहरू :**

प्रस्ताव नं.१) श्रद्धाञ्जली सम्बन्धमा ।

प्रस्ताव नं.२) सेवा करार/ज्यालादारी सेवामा रहेका कर्मचारीहरूको व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा. क्षेत्रका नदिहरूबाट नदिजन्य पर्दाथहरू उत्त्खनन् तथा विक्रि गर्न ठेक्का बन्दबेस्त गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) डिप बोर्डिङ निर्माण उपभोक्ता समिति मि.न.पा. ९ का अधक्ष्य श्री रामलाल महतोले आ.व.२०७५।०७६ मा दाखिला गरेको बैंक धरौटी रकम फिर्ता माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.११ कार्यालयबाट खेल मैदान निमार्ण गर्नको लागि रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.८ कार्यालयबाट श्री रामचन्द्र ठाकुरलाई क्यान्सर रोगको उपचारको लागि आर्थिक सहयोगको सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.३ कार्यालयबाट श्री रामनन्दन महतोलाई पेटमा मासु पलाएको हुंदा अपरेशन गर्नको लागि आर्थिक सहयोगको सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं.१ कार्यालयबाट श्रीमती निरमला देवी कुर्मीलाई टाउकोमा समस्या भएको हुंदा औषधी उपचारको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.९)मि.न.पा. कार्यालय अन्तर्गत नगर शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा ।

प्रस्ताव नं.१०) यस न.पा.कार्यालयको लागि कानूनी सल्लाहकार/परामर्शदाता नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११) यस न.पा.कार्यालयको लागि एम.आइ.एस. अपरेटर,रोजगार संयोजक,कृषि स्नातकर रोजगार सहायक पदमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२) आ.व.२०७८।०७९ मा कार्य समपन्न भई भुक्तानी हुन नसकेका पुँजिगत आयोजनाहरूको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.१३) नगर प्रमुखज्यूको लागि न.पा. कार्यालयबाट प्राप्त हुने सेवा सुविधाको रकमबाट आर्थिक सहयोगको लागि कोष खडा गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४) पुरानो घर अभिलेखिकरण गर्न म्याद थप गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरू:**

निर्णय नं.१) प्रस्ताव न १ मा छलफल गर्दा यस मिथिला नगरपालिकाको नगर सभा सदस्य तथा वडा नं. ९ का वडा सदस्य अन्यन्त लगनशिल, मिलनसार तथा कर्तव्यनिष्ट जनप्रतिनिधि श्री जय जय राम महतो कोईरीज्यूको अल्पायुमै असामयिक निधन भएकोले नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारी परिवार मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दै धैर्यधारण गर्न सक्ने शक्ति प्राप्तिको कामना गर्दछौं।

निर्णय नं.२) प्रस्ताव न २ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्र रहेका करार/ज्यालादारी कर्मचारीहरू मिति २०७९।०४।०२ गतेको निर्णय अनुसार म्याद थप नभएका निम्नानुसारका कर्मचारीहरूको आजको मितिले वढीमा ६ (छ) महिनाको लागि ज्यालादारीमा राखी कामकाग गर्ने गरी निर्णय पारित गरियो ।

निम्न
१. जय गणेश सिंह - इन्जिनियर, २. लालवावु महतो - सब इन्जिनियर ३. विनोद कुमार राय - सुपरभाइजर ४. यज्ञकुमारी कुवँर - कार्यालय सहयोगी ५. कमला वानियाँ - कार्यालय सहयोगी ६. मिना कायस्त - कार्यालय सहयोगी ७. कल्याण विश्वकर्मा - स्वीपर ८. पन्चा यादब - कार्यालय सहयोगी ९. देवकी कडारी - सुचना केन्द्र सहयोगी जम्मा गरी नौ (९) जना


निर्णय नं.३) प्रस्ताव न ३ मा छलफल गर्दा यस न.पा. क्षेत्रका नदिहरूबाट नदिजन्य पदार्थहरू उत्तखनन तथा विक्रि गर्न देहाय बमोजिम हुने गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | ठेक्काको विवरण | उत्खन्न स्थान (नदि) | कुल उत्खन्न परिमाण, वार्षिक क्षमता ( घन मिटर ) | उत्खन्न वस्तु | न्युनतम अंक ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि)उत्खनन् संकलन तथा बिक्री वितरण | रातुनदि | ५४,९५०.०० घन मिटर | ढुंगा, गिट्टी, ग्राभेल, वालुवा | |
| | | जालद/जग्धरनदि | ५४,९०५.०० घन मिटर | | |
| | | औरहीनदि | ५४,९०५.०० घन मिटर | | |
| | | बसहीनदि | ५४,९२६.६६ घन मिटर | | |
| | | वडहरीनदि | ५४,८८०.०० घन मिटर | | |
| | | कुल जम्मा परिमाण | २७४६५६.६६घन मिटर | | |

निर्णय नं.४) प्रस्ताव न ४ मा छलफल गर्दा डिप बोर्डिङ निर्माण उपभोक्ता समिति मि.न.पा. ९ का अधक्ष्य श्री रामलाल महतोले आ.व.२०७५।०७६ मा दाखिला गरेको बैक धरौटी फिर्ता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं५) प्रस्ताव न ५ मा छलफल गर्दामि.न.पा. वडा नं.११ कार्यालयको च.नं. ३४ मिति २०७९/०४/०९ को पत्रबाट खेल मैदान निमार्ण गर्नको लागि रकम व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि प्राविधिक प्रतिवेदन अनुसारको रकम निकासा दिने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव न ६ मा छलफल गर्दामि.न.पा. वडा नं.८ कार्यालयको च.नं. ३१ मिति २०७९/०४/१० को पत्रबाट श्री रामचन्द्र ठाकुरलाई क्यान्सर रोगको उपचारको लागि आर्थिक सहयोगको सिफारिसभएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट रू २५०००।००(पचिस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।



निर्णय नं.७) प्रस्ताव न ७ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं. ०४ मिति २०७९/०४/०३ को पत्रबाट श्री रामनन्दन महतोलाई पेटमा मासु पलाएको हुंदा अपरेशन गर्नको लागि आर्थिक सहयोगको सिफारिस भएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट रू २००००।०० (विस हजार मात्र)उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव न ८ मा छलफल गदामि.न.पा. वडा नं.१ कार्यालयको च.नं. १३८१ मिति २०७९/०३/१९ को पत्रबाट श्रीमती निरमला देवी कुर्मीलाई टाउकोमा समस्या भएको हुंदा औषधी उपचारको लागि सिफारिस भएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराएको रकम कार्यपालिका बैठकबाट अनुमोदन गरी निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव न ९ मा छलफल गर्दामि.न.पा. कार्यालय अन्तर्गत नगर शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा शिक्षा ऐन, कार्यविधि संशोधन गरी नगर शिक्षा समिति गठन गर्ने गरी निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव न १० मा छलफल गर्दायस न.पा.कार्यालयको लागि कानूनी सल्लाहकार/परामर्शदातालाईरू १०००००।०० (अक्षरूपी एक लाख मात्र) को परिधि भित्र रहने गरीनियमानुसार सेवा खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव न ११ मा छलफल गर्दा यस न.पा.कार्यालयको लागि एम.आइ.एस. अपरेटर-१ जना,रोजगार संयोजक -१ जना, कृषि स्नातक -१ जना र रोजगार सहायक-१ जना पदमा कर्मचारीहरू नियमानुसारभर्ना गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव न १२ मा छलफल गर्दा आ.व. २०७८।०७९ मा कार्य समपन्न भई भुक्तानी हुन नसकेका निम्नानुसारका पुँजिगत आयोजनाहरूको रकम भुक्तानी गर्ने निर्णय पारित गरियो ।

१. राम किसुन ठाकुरको घर देखि रूपलाल टोल सम्म सडक कालोपत्रे वडा न १को रू ८४४७५००।०० (अक्षरूपी चौरासी लाख सत्चालिस हजार पाँच सय मात्र ) ।

२. सडक ढलान वडा नं. ७ को रू २००००००।०० (अक्षरूपी विस लाख मात्र ) ।

३. विश्वकर्मा चोक देखि वडा कार्यालय सम्मको नाला निर्माण रू रू २००००००।०० (अक्षरूपी विस लाख मात्र ) ।

निर्णय नं.१३) प्रस्ताव न १३ मा छलफल गर्दा नगर प्रमुखज्यूको लागि न.पा. कार्यालयबाट प्राप्त हुने सेवा सुविधाको रकमबाट नगर कार्यपालिकाको निर्णय वमोजिम खर्च हुने गरी नगर प्रमुख आर्थिक सहायता कोष स्थापना गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव न १४ मा छलफल गर्दा पुरानो घर अभिलेखिकरणको लागि २०७९ चैत्र मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय पारित गरियो ।